# हल्दीबारी राजपत्र

हल्दीबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, माग १० गते २०८० साल (संख्या १२

## भाग २

हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं १२

# आधारभूत तह शिक्षा उत्तिर्ण परीक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८०

<u>प्रस्तावनाः</u>

गाउँपालिका स्तरीय आधाभूत तहको अन्त्यमा लिइने परीक्षालाई व्यबस्थित ढङ्गबाट संचालन गरी प्रमाणिकरण गर्न स्थानीय सरकार संचालन ऐन शिक्षा ऐन २०७४ को दफा ११ उपदफा २ (ज) को १४ मा हाल आधारभुत तहको अन्त्यमा लिने परीक्षाको संचालन, अनुगमन तथा व्यवस्थापन स्थानीय तहले गर्ने भन्ने व्यवस्था अनुसार हल्दीबारी गाउँपालिकाले यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## <u>परिच्छेद-१</u>

**(१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नामः "**आधारभूत तह शिक्षा उतीर्ण परीक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०**" हुनेछ ।

ख) यो कार्यविधि हल्दीबारी गाउँपालिकाको बैठकले स्वीकृत गरेपछि लागु हुनेछ।

**(२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले हल्दीबारी गाउँपालिकाको शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको ऐन सम्झनु पर्छ।

ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्छ ।

ग) “कार्यपालिका ”भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाईसम्झनु पर्छ।

घ) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिका सम्झनु पर्छ ।

ङ)“ सामाजिक समिति" भन्नाले गाउँ पालिकाको सामाजिक विकास विषयगत समितिलाई सम्झनु पर्छ।

च) “परीक्षा समिति ”भन्नाले आधारभूत तह उतिर्ण परीक्षा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्छ ।

छ)“ पाठ्यक्रम विकास केन्द्र ”भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

ज) “प्रधानाध्यापक ”भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

झ) “प्रमुख ”भन्नाले हल्दीबारी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

ञ)“ प्रमुख प्रशासकिय अधिकृत "भन्नाले हल्दीबारी गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

ट) “परीक्षा केन्द्र ”भन्नाले आधारभूत तहको परीक्षाकालागि तोकिएको केन्द्र सम्झनु पर्छ ।

ठ) “केन्द्राध्यक्ष ”भन्नाले आधारभूत तहको परीक्षाकालागि तोकिएको परीक्षाको केन्द्रको प्रमुख सम्झनु पर्छ ।

ड) “निरिक्षक ”भन्नाले परीक्षाको समयमा तोकिएको गार्ड सम्झनु पर्छ ।

ढ) “शिक्षा अधिकृत ”भन्नाले हल्दीबारी गाउँ पालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ

ण) "शिक्षा शाखा "भन्नाले हल्दीबारी गाउँपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

त) "शिक्षक महासंघ "भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक महासंघलाई सम्झनु पर्छ ।

थ) "गाउँ शिक्षा समिति "भन्नाले हल्दीबारी गाउँपालिकाको शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको ऐन बमोजिम गठित समिति सम्झनु पर्छ ।

द) "शुल्क "भन्नाले परीक्षाकालागि संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

ध) "परीक्षण केन्द्र "भन्नाले परिक्षाको उत्तर पुस्तिका परीक्षण गर्न तोकिएको केन्द्र सम्झनु पर्छ ।

न) "शैक्षिक सत्र "भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

प) "विषयगत शिक्षक "भन्नाले तोकिएको विषय अध्यापन गराउन नियुक्त शिक्षक सम्झनु पर्छ ।

फ) "शिक्षक "भन्नाले विद्यालयमा कार्यरत विभिन्न तहमा अध्यापन गराउने व्यक्ति सम्झनु पर्छ ।

ब) "संयोजक "भन्नाले परीक्षा समितिको प्रमुखलाई सम्झनु पर्छ ।

भ) संघीय शिक्षा ऐन "भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।

म) "संस्थागत विद्यालय "भन्नाले निजी लगानीमा संचालन गर्ने गरी नियम ५ बमोजिम अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद२-

**(३) परीक्षा संचालन तथा व्यबस्थापन समितिः**

१) हल्दीबारी गाउँपालिकाको पालिकास्तरीय आधारभुत शिक्षा उत्तीर्ण परीक्षा संचालन, व्यबस्थापन, नियन्त्रण र प्रमाणीकरण देहाय बमोजिम आधारभुत शिक्षा उत्तीर्ण परीक्षा समिति रहने छ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| शिक्षा समितिले मनोनित गरेको सामुदायिक विद्यालयको प्र.अ. एक जना | -सदस्य |
| शिक्षा समितिले मनोनित गरेको संस्थागत विद्यालयको प्रिन्सिपल एक जना | -सदस्य |
| शिक्षा अधिकृतको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको दुई जना विषयविज्ञ | -सदस्य |
| शिक्षा समन्वयकर्ता | -सदस्य |
| शिक्षा अधिकृत | सदस्य-सचिव |

२) उपनियम १ वमोजिम गठित समितीमा मोनित सदस्यको पदावधि तीन बर्षको हुनेछ ।

३) परीक्षा समितीले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितीको वैठकमा भाग लिन आमन्त्रण गर्नसक्नेछ ।

४) परीक्षा समितीको वैठक समबन्धि कार्यविधी सो परीक्षा समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५) परीक्षाका लागि समितिले आबश्यकताको लागि उपसमिति पनि गठन गर्न सक्नेछ ।
६) समितिको सचिवालय शिक्षा शाखामा रहनेछ ।

## परिच्छेद-३

**(४) आधारभुत शिक्षा उत्तीर्ण परीक्षा समितीको काम, कर्तव्य र अधिकारः**

१) आधारभुत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- परीक्षा संचालनको सम्बन्धमा नीति निर्धारण गर्ने ।
- परीक्षा केन्द्र तोक्ने ।
- प्रश्नप्रत्र निर्माण उत्तरपुस्तिका परीक्षण, समपरीक्षण, अनुगमन लगायत तथा परीक्षा सम्बन्धि अन्य काममा संलग्न व्यत्तिको पारिश्रमिक निर्धारण गरी लागु गर्ने ।
- परीक्षाफल प्रकाशित गर्ने र उत्तीर्ण परीक्षार्थीलाई नियमानुसार प्रमाणपत्र दिने।
- कुनै परीक्षाकेन्द्रमा अनियमितता भएमा आवश्यक्ता अनुसार परीक्षा गरी वा पुन परीक्षा गराउने र त्यस्तो परीक्षा केन्द्र खारेज गर्ने ।
- परीक्षाको अनुगमनकोलागि आबश्यक व्यबस्था मिलाउने ।
- परीक्षा केन्द्र र परिक्षण केन्द्रको सुरक्षाको आबश्यक प्रवन्ध मिलाउने ।
- परीक्षा सम्बन्धी स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थासंग समन्वय कायम गर्ने।
- परीक्षा सम्बन्धी सुचना तथा तथ्याङ्कको अभिलेखीकरणको व्यबस्था गर्ने ।
- शिक्षा ऐन, नियामवली र कार्यपालिका तोकेबमोजिम अन्य काम गर्ने ।

## परिच्छेद-४

**(५) परीक्षा कार्यक्रम कार्यान्वयन प्रक्रियाः**

१) आधारभुत तहको उत्तीर्ण परीक्षाको विद्यार्थी रजिष्टेशन र आवेदन फाराम भराइ रेकर्ड तयार गर्ने।

२) परीक्षा रेकर्डका निमित्त सफ्टवेयर विकास गरी लागु गर्ने ।

३) प्रति विषय २ जना विषयगत शिक्षकको टोली वनाई प्रश्नपत्र मोडरेशन गरी स्तरीकृत प्रश्नपत्र तयार गर्ने ।

४) प्रश्नपत्र पाठ्यक्रमको ग्रीडमा आधारीत हुनुपर्ने ।

५) केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षक सहितको व्यवस्था गरी परीक्षा संचालन गर्ने गराउने।

६) उत्तर पुस्तिका परिक्षण केन्द्रमा जम्मागरी उपरीक्षण र सम् .पु.परीक्षणको व्यवस्थापन गर्ने/गराउने ।

७) उत्तरपुस्तिका परीक्षणबाट प्राप्त अंक सफ्टवेयर (IEMIS) मा इन्ट्रि गरी लेजर र ग्रेडसिटको व्यवस्था गर्ने ।

८) विद्यार्थीहरूलाई प्रमाणपत्र (ग्रेडसिट) विद्यालय मार्फत उपलब्ध गराउने ।

९) परीक्षाको विश्वसनियता तथा वैधता कायम गर्न आधारभुत शिक्षा उत्तीर्ण परीक्षा समिती, शिक्षा शाखाबाट परीक्षाकेन्द्र र उत्तरपुस्तिका परीक्षण केन्द्रको अनुगमन गरिनेछ ।

## परिच्छेद-५

**६) वितीय स्रोत व्यवस्थापन र खर्चको मापदण्डः**

१) यो परीक्षा संचालनको वित्तिय व्यवस्था तपशिल बमोजिम हुनेछः

- ❖ नेपाल सरकार वाट कक्षा ८ परीक्षाका निमित्त् प्राप्त अनुदान ।
- ❖ संस्थागत विद्यालयका विद्यार्थीवाट लिएको तोकेबमोजिमको शुल्क।
- ❖ स्थानीय सरकार (गाउँपालिका) बाट निःशुल्क शिक्षा कार्यान्वयनका लागि थप गरिएको अनुदान ।
- ❖ विभिन्न संघ संस्थाबाट प्राप्त अनुदान ।

**७) परीक्षाको खर्चका शीर्षकहरू निम्नानुसार हुनेछनः**

- ❖ विभिन्न किसिमका परीक्षा सम्बन्धी फारम छपाई ।
- ❖ आवश्यकता अनुसार सफ्टवेयर निर्माण ।
- ❖ विबरण इन्ट्रि खर्च।
- ❖ आवश्यकता अनुसार विभिन्न इक्युपमेन्ट व्यबस्थापन।
- ❖ परीक्षा संचालन खर्च।
- ❖ अनुगमन तथा निरीक्षण खर्च।
- ❖ बैठक संचालन खर्च।
- ❖ प्रश्नपत्र निर्माण ।
- ❖ प्रश्नपत्र मोडेरेशन खर्च ।
- ❖ प्रश्नपत्र र उत्तरपुस्तिका छपाई ।
- ❖ उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण ।
- ❖ मार्क इन्ट्रि खर्च।
- ❖ उत्तरपुस्तिका परीक्षण केन्द्र व्यवस्थापन ।
- ❖ स्टेशनरी तथा मसलन्द खर्च।
- ❖ ग्रेडसिट र प्रमाणपत्र छपाई खर्च।
- ❖ विविध खर्च ।

३) परीक्षा सम्बन्धीको खर्च प्रचलित कानुन तथा नियम बमोजिम हुनेछ ।प्रचलित कानुन अनुसार यस अघि भएका कार्यहरू यसै कार्यविधि अनुसार भएको मानिने छ ।

**आज्ञाले**

**मान व वन (महेन्द्र)**

**प्रमुख प्रशासकीय अधिकृत**